म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१५ अङ्कः- ५८ २०८० माघ १ गते सोमबार 15 January 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## १४ जनाले गरे रक्तदान

हेटौंडाः हेटौंडा-९, पशुपतिनगरमा रक्तदान कार्यक्रम भएको छ । आइतबार भएको रक्तदान कार्यक्रममा १४ जनाले रक्तदान गरेका छन् । महर्जन परिवारको आयोजनामा भएको कार्यक्रममा ४ जना महिला र १० जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । स्व.सन्तोषी मैया महर्जनको १९ औं स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्रको प्रविधिक सहयोग रहेको थियो । यस्तै, मंगलबार पतञ्जली, मकवानपुरको आयोजनामा हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम रहेको बताइएको छ ।

# हत्या गरी फरार दुई जना १७ वर्षपछि पक्राउ



*हत्या गरी फरार भएका २ जनालाई १७ वर्षपछि पक्राउ परेकालाई सार्वजनिक गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हत्या गरी फरार रहेका दुई जनालाई १७ वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा थाहा नगरपालिका-१२, गैरीगाउँका ४५ वर्षीय रामचन्द्र स्याङ्तान र ५० वर्षीय कालु गोले रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

आइतबार प्रहरीले दुबै जनालाई घरबाट पक्राउ गरेको हो । पक्राउ परेका स्याङ्तान र गोलेले २०६३ साल जेठ १९ गते थाहा-१२, गैरीगाउँका ७२ वर्षीय सानो लाहुरे तामाङलाई कुटपिट गरी हत्या गरेका थिए । पक्राउ परेका गोले र स्याङ्तानलाई कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत मकवानपुरले २०६७ साल असोज ८ गते २० वर्षको कैद सजाय तोकेको थियो । जिल्ला अदालतबाट कैद तथा जरिवाना ठहर भएर फरार रहेका उनीहरुलाई इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलीले खोजलतासको क्रममा आइतबार घरबाटै पक्राउ गरेको हो । पक्राउ परेको दुबै जनालाई जिल्ला अदालत मकवानपुरमा आइतबार नै उपस्थित गराइएको छ ।

# ६ केजी चरेससहित ५ जना पक्राउ



*लागुऔषध चरेससहित पक्राउ परेका ५ जना ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध चरेससहित पाँच जनालाई पक्राउ गरेको छ । आइतबार मनहरीबाट ६ केजी २ सय ३५ ग्राम लागूऔषध चरेसहित पाँच जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

आइतबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी-७ स्थित सडकखण्डमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ३ च ७४०४ नम्बरको कारलाई रोकेर सुरक्षाजाँच गर्दा उक्त लागूऔषध फेला परेको थियो ।

पक्राउ पर्नेमा मकवानपुरको मनहरी-६ स्थित नयाँबस्तीका रामनारायण श्रेष्ठ, कार चालक बाराको जितपुर सिमरा-६ का २१ वर्षीय याकुब खान, कारमा सवार बाराको परवानीपुर गाउँपालिका-३ का २० वर्षीय मुस्की राम, पर्साको वीरगञ्ज महानगरपालिका-२१ का २० वर्षीय इरमान आलम र सोही ठाउँका २१ वर्षीय सोयल मिया रहेका छन् ।

प्रहरीले गाडीमा सवार उनीहरुको साथबाट १ सय ग्राम चरेस फेला पारी सोधपुछ गर्दा मनहरीका श्रेष्ठबाट लिएको भनी बताएपछि श्रेष्ठको घरमा गएर खानतलासी गर्दा उक्त लागूऔषध फेला परेको प्रहरीले जनाएको छ । लागूऔषधसहित नियन्त्रणमा लिएर पाँच जनामाथि मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर थप अनुसन्धान गरिरहेको प्रवक्ता भण्डारीले बताउनुभयो ।

## गाँजासहित एक जना पक्राउ

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध गाँजा ५ किलो ४ सय ग्रामसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सर्लाहीको गोडैता नगरपालिका-१० का १९ वर्षीय इन्ताज आलम रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

आइतबार बिहान ९ बजेको समयमा प्रहरी चौकी बसपार्क हेटौंडाबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१० स्थित बसपार्कमा शंका लागि सुरक्षाजाँच गर्दा उनको साथबाट लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ । आलमलाई लागूऔषधसति नियन्त्रणमा लिएर जिल्ला अदालत मकवानपुरबाट १० दिनको म्याद अनुमति लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुरमा भ्रष्टाचारका मुद्दा बढ्दो

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा भ्रष्टाचारका मुद्दाहरु बढ्दो रुपमा रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयमा ५ महिनाको अवधिमा मकवानपुरका झण्डै साढे ३ सय मुद्दा दर्ता भएको तथ्याङ्कमा उल्लेख छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ को मंसिर मसान्तसम्म कार्यालयमा मकवानपुरका ३३३ वटा मुद्दा रहेको छ । कार्यालयमा रहेका मुद्दामा गत आर्थिक वर्ष २०७९/०८० बाट दायित्व सरेर आएको १८३ र चालु आर्थिक वर्षमा दर्ता भएका १५३ वटा मुद्दा छन् । जसमध्ये ९४ वटा मुद्दा फछ्र्यौट भएको छ भने २४२ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ ।

गत आर्थिक वर्षको असार मसान्तसम्ममा मकवानपुरबाट ४६७ मुद्दा दर्ता भएको थियो । तुलनात्मक रुपमा गत आर्थिक वर्षमा प्रतिमहिना ३९ वटा मुद्दा दर्ता भएकोमा चालुआर्थिक वर्षमा प्रतिमहिना ६७ वटा मुद्दा दर्ता भएको देखिएको छ ।

कार्यालयमा अघिल्लो वर्षबाट दायित्व सरेर आएको समेत मंसिर मसान्तसम्म बारा जिल्लाका ५३८, रौतहटका ४२९, पर्साका ४०३, चितवनका १५०, धादिङका १५, दोलखाका १४, नुवाकोटका १०, काभ्रेपलाञ्चोकका ९, सिन्धुपाल्चोकका ५, रामेछापका ४ र रसुवाका ३ वटा मुद्दा दर्ता भएका छन् । चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म धादिङ र रामेछापका एउटा पनि मुद्दा दर्ता भएका छैनन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयको कार्यक्षेत्रमध्ये बारा जिल्लामा सबैभन्दा धेरै भ्रष्टाचारका मुद्दा रहेको छ । कार्यालयका कार्यक्षेत्रका १२ जिल्लामध्ये सबैभन्दा बढी भ्रष्टाचारको मुद्दा हुने जिल्लामा पहिलोमा बारा, दोस्रोमा रौतहट र तेस्रोमा मकवानपुर रहेको छ ।

आयोगको कार्यालयमा अघिल्लो आर्थिक वर्ष २०७८/०७९ र गत आर्थिक वर्षमा स्थानीय तहमा भएको भ्रष्टाचारका मुद्दासम्बन्धी उजुरी बढी छन् । आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहका भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता भएको संख्याकै बराबर चालु आर्थिक वर्षको ५ महिनामा उजुरी दर्ता भएका छन् । आयोगको हेटौंडा कार्यालयमा आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म र त्यसअघिको जिम्मेवारी सरेर आएका गरी स्थानीय तहसँग सम्बन्धित कुल १ हजार ५६९ वटा भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता भएका थिए भने चालु आर्थिक वर्षको मंसिर मसान्तसम्ममा १ हजार ४१५ वटा उजुरीहरु दर्ता भएका छन् । आयोगमा आर्थिक वर्ष २०७८/०७९ मा स्थानीय तहमा भएका भ्रष्टाचारका ३३७ उजुरी दर्ता भएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा १ हजार २३२ वटा गरी कुल १ हजार ५७९ वटा उजुरी दर्ता भएको थियो ।

पछिल्ला वर्षमा स्थानीय तहमा भ्रष्टाचारको मुद्दा बढेको हो । गत आर्थिक वर्ष दर्ता भएका स्थानीय तहका भ्रष्टाचार सम्बन्धी उजुरीमध्ये अघिल्लो आर्थिक वर्षको १५६ र गत आर्थिक वर्षको ५८२ गरी कुल ७३८ वटा फछ्र्यौट गरिएको तथ्याङ्कमा उल्लेख छ । गत आर्थिक वर्षबाट स्थानीय तहसम्बन्धी ४९२ वटा उजुरी फछ्र्यौट हुन नसकी चालु आर्थिक वर्षमा जिम्मेवारी सरेर आएको छ । जसमा अघिल्लो आर्थिक वर्षका १२५ र गत आर्थिक वर्षका ३६७ वटा उजुरी छन् ।

कार्यालयको तथ्याङ्कअनुसार गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ३९८ र चालु आर्थिक वर्षमा दर्ता भएका ४०१ गरी कुल ७९९ उजुरी फछ्र्यौटको चरणमा छन् । त्यसैगरी चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ४९१ र चालु आर्थिक वर्षमा दर्ता भएका ५८७ गरी कुल एक हजार ७८ स्थानीय तहसम्बन्धी उजुरी प्राप्त भएको छ । प्राप्त उजुरीमध्ये गत आर्थिक वर्षको ९३ र चालु आर्थिक वर्षको १८६ गरी कुल २७९ उजुरी फछ्र्यौट गरिएको छ । यस्तै, चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म विभिन्न मन्त्रालयगत रुपमा एक हजार ३६ वटा उजुरी दर्ता भएको छ भने गत वर्षबाट सरी आएको ८ सय ८० ओटा गरी एक हजार ९ सय १६ वटा मुद्दा दर्ता भएको छ ।

स्थानीय तहका सार्वजनिक निर्माण, नदीजन्य पदार्थ उत्खनन्, कर्मचारी नियुक्ति, तालिम तथा क्षमता विकास, राजस्व अपचलन, सार्वजनिक जग्गा अतिक्रमण, सेवाप्रवाहलगायतका विषयमा आयोगमा उजुरी प्राप्त हुने गरेको छ । आयोगमा प्राप्त हुने अधिकांश उजुरी राजस्व अपचलन, नदीजन्य पदार्थ उत्खनन्, कर्मचारी भर्ना प्रक्रियासम्बन्धी हुने गरेको बताइएको छ । आयोजनामा गुणस्तरहीन काम भएको, कम गुणस्तरका सामग्रीको प्रयोग गरिएको, गुणस्तरको अनुगमन मूल्याङ्कन नगरी भुक्तानी दिएको, कामभन्दा बढी तथा नगरेको कामसमेतमा भुक्तानी दिएको, निर्माण व्यवसायी छनौटमै अनियमितता गरिएकोजस्ता विषयमा उजुरी पर्ने गरेका छन् । यस्तै, प्रक्रिया मिचेर सम्झौता, अपारदर्शी उपभोक्ता समितिको गठन, सार्वजनिक खरिद ऐनले तोकेका काम उपभोक्ता समितिमार्फत् गरेको उजुरीहरु प्राप्त हुने गरेको छ । गिट्टी, बालुवाको ठेक्का प्रक्रियामा अनियमितता गरेको, तोकिएको भन्दा बढी उत्खनन् गरेको, निर्माण व्यवसायीलाई राजनैतिक संरक्षण दिएर नदीजन्य पदार्थको उत्खनन् गरेको, नदीजन्य पदार्थको राजस्व अपचलन, अनुगमन नगरेको, उत्खनन्का कारण स्थानीय बस्ती जोखिममा परेको उजुरी बढी हुने गरेका आयोगले जनाएको छ ।



# सम्पादकीय

## सांस्कृतिक पर्व माघे संक्रान्ति

आज माघ १ गते अर्थात् माघे संक्रान्ति । माघे संक्रान्तिलाई नेपालका विभिन्न क्षेत्रमा विभिन्न जाति र समुदायले विभिन्न पर्वको रुपमा मनाउने गरेका छन् । नेपालमा भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक आदि विविधता रहेका कारण एउटै दिनलाई विभिन्न क्षेत्र र समुदायले अलग-अलग पर्वको रुपमा मनाउने गर्दछन् । माघे संक्रान्ति देशका सबैजसो भूभाग र सबैजसो जाति, समुदायले मनाउने भए पनि यसको नाम र मनाउने तरिका फरक-फरक छ । हिमाल, पहाड तथा तराई सबैतिर माघे संक्रान्ति मनाइन्छ । यो दिन बाहुन, क्षेत्री, थारु, गुरुङ, मगर, राई, लिम्बु, नेवारलगायत सबैजसो समुदायका लागि आ-आफ्नै विशेष महत्वको छ । माघे संक्रान्तिको अवसरमा देशभर सार्वजनिक विदा दिइएको छ ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ । यसै दिनबाट सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकाले उत्तरायण सुरु हुने र दिनभन्दा रात छोटो हुँदै जान्छन् । सूर्यले १२ वटै राशिलाई प्रभावित गर्ने भए पनि कर्कट राशि (साउने संक्रान्ति) र मकर राशि (माघे संक्रान्ति) मा सूर्यको प्रवेशलाई धार्मिक दृष्टिले बढी महत्व दिने गरेको पाइनछ । भविष्यपुराण, विष्णुवचन तथा धर्मसिन्धु नामक ग्रन्थमा माघे संक्रान्तिको महत्व वर्णन गरिएको छ । यस दिन स्नान गरी घ्यू, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी भइने ती ग्रन्थहरुमा उल्लेख छ । माघे संक्रान्तिका अवसरमा प्रत्येक वर्ष मुलुकका विभिन्न स्थानहरुमा मकर संक्रान्ति मेला लाग्ने गरेको छ । हिन्दू धार्मिक महत्वका दृष्टिले प्रख्यात घाट, त्रिवेणी, नदी आदि स्थानहरुमा मकर नुहाउने, अनुष्ठान गर्ने र रमाइलो मेलाहरुको आयोजना हुने गरेको छ ।

माघे संक्रान्तिलाई, माघी, मकर संक्रान्ति, तिला संक्रान्ति आदिको नामबाट पनि चिनिने गरेको छ । यसकारण माघे संक्रान्तिले सांस्कृतिक विविधता बोकेको मान्न सकिन्छ । माघे संक्रान्ति पर्वलाई थारु समुदायले माघीको रुपमा धुमधामसँग मनाउँछन् । थारु समुदायले यसै दिनलाई नयाँ वर्ष मान्ने गर्दछन् । पश्चिम तराईका थारु समुदायले माघीकै अवसरमा एक वर्षका लागि आफ्ना प्रतिनिधि चुन्ने गर्दछन् । बडघडिया (गाउँको मुली), चिरकिया (गाउँको पूजारी), चौकीदार (गाउँको हुलाकी) र घरायसी कामको लागि घर धुरिया छनोट गर्ने परम्परा छ । माघे संक्रान्तिको दुई दिन अघिदेखि थारु समुदायका मानिसले माघी पर्व मनाउने गर्दछन् । पुस मसान्तमा नाचगान तथा रमाइलो गर्ने, जाग्राम बस्ने र माघे संक्रान्तिको दिन बिहानै खोला, पोखरीमा गई नुहाएर घरघरमा आफूभन्दा ठूलाको आशीर्वाद लिई विभिन्न परिकार खाने गर्दछन् । गुरुङ, मगर, नेवार, किराँत आदि जाति/समुदायले पनि माघे संक्रान्तिलाई विशेषरुपमा मनाउँछन् । तराई मधेशका बासिन्दाले माघे संक्रान्तिलाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउने गर्दछन् ।

शिशिर ऋतुमा पर्ने यो पर्वका दिन शरीर शुद्ध गरी घिउ, चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीका मात्रा बढेर तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ । मंसिर, पुस महिनादेखि नै जाडो खेप्दै आएका मानिसहरुले माघपछि जाडो नहुने भन्दै त्यो दिन बिहान स्नानगरी पवित्र हुने गर्दछन् । माघे संक्रान्ति पर्व आम नेपाली जनजीवनका लागि बहुसांस्कृतिक सह-अस्तित्वको पहिचानका रुपमा विकास हुँदै आएको छ । सबै नेपालीमा उत्साह एवम् उमंग थप्दै नेपालीबीच शान्ति, एकता, सद्भाव र सहिष्णुता कायम गर्न यस्ता पर्व महत्वपूर्ण हुनेछ । मुलुकको सांस्कृतिक विविधतालाई प्रतिनिधित्व गर्ने माघे संक्रान्ति अर्थात् माघी पर्वको सबैमा हार्दिक शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल




पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अप्रत्याशित रुपमा लाभ प्राप्त हुने समय छ । |
| वृष | : धार्मिक एवं आध्यात्मिक गतिविधिमा सरिक । |
| मिथुन | : आध्यात्मिक गतिविधिका कामबाट लाभ प्राप्त । |
| कर्कट | : सामाजिक र आध्यात्मिक कृत्यमा सरिक । |
| सिंह | : धार्मिक यात्रा योग र भेटघाटमा रमाइएला । |
| कन्या | : परोपकार र धार्मिक कृत्यमा सरिक भइने छ । |
| तुला | : मनको अस्थिरता त्याग्त धार्मिक कृत्यमा सरिक । |
| वृश्चिक | : परोपकारी काममा समय व्यतित होला । |
| धनु | : आर्थिक र धार्मिक दृष्टिले उपयुक्त समय छ । |
| मकर | : सिर्जनात्मक र रचनात्मक काममा समय बित्ला । |
| कुम्भ | : धार्मिक र सामाजिक काममा समय व्यतित । |
| मीन | : जिम्मेवारी र कर्तव्यप्रति निष्ठावान् भइने छ । |

# आर्थिक विकासमा हाम्रा पूर्वाधार

*विकासमा जनसहभागिताको अपेक्षा सधैं भइरहनुपर्थ्यो, साधन र स्रोतको दोहन दलहरूले गर्ने नै होइन, देशका लागि हुनुपर्थ्यो र प्रयोग बुद्धिमत्तापूर्ण ढंगले हुनुपर्थ्यो । हाम्रो मुलुकमा साधन र स्रोत नभएको होइन, तर त्यसको बुद्धिमत्तापूर्ण र सही उपयोग नै भएन । स्थानीय कच्चा पदार्थ, जडीबुटी, बनबुट्यान, स्थानीय श्रम र सीपको प्रयोग नै भएन ।*






**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

देशको समृद्धिमा पूर्वाधार विकासको अधिक महत्व हुन्छ । देशको आर्थिक विकासका सूचकहरू त्यहाँका बाटाघाटा, खानेपानी, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योगधन्दाहरू नै हुन् । हाम्रा तमाम विकासका सूचकहरू रहरलाग्दा छैनन् । देशको राजनीति निर्लज्ज छ, एक महिनामा चार थान तातो गोली ४० लाखमा बेच्न सफल छ । यहाँ छुट्टै निकाय पूर्वाधार विकास बैंकको परिकल्पना पनि गरियो । बनेका भ्युटावरहरूमा मुसा कुद्न थालेका छन्, देशैभरिका यस्ता टावरहरू हेर्ने को छ र ? सञ्चालनमा पनि छैन । अनुत्पादक ठेकेदारी शैलीमा बनेका यी टावरहरूले देशको गरिबीको चित्र कोर्न सकेका छैनन्, बरु श्रमशील युवाहरूलाई लाजै नमानी बेचिएको छ र प्राप्त विप्रेषणले नेतृत्वले जुँगा मुसारेको छ ।

संघीयताको मर्म चौधौं योजनाको पूर्णता भनेको पूर्वाधारको विकास नै थियो, अब त पन्ध्रौं योजना सकिएर सोह्रौंतिर जान लागेको अवस्था छ । विकास निर्माण भनौं मुलुकमा पूर्वाधारको विकासले नै स्थानीय तहको कार्यमा सहजता आउनुपर्ने थियो, तर भ्रष्टाचारको दलदलमा फसेको छ, स्थानीय तह । पैसा कसरी सक्ने, आफन्तलाई कसरी ठेक्का दिने अनि आठफिटे बाटोमा सामान्य ब्लक राख्दा हुनेमा ढलान गरेर कमिसन बढाउनेतिर ध्यान गएको छ । प्रदेशगत एवं स्थानीय तहका सरकारबाट प्रदान गरिने सेवा चुस्त एवं सहज राख्न यातायात, सडकको सञ्जाल विस्तारमा ध्यान छैन । खानेपानी, सरसफाइ, विद्युत आपूर्ति, दैनिक अत्यावश्यक सामग्रीको ढुवानी सर्वसुलभ आपूर्तितिर पनि ध्यान छैन । हिउँद, सुक्खायाममा निर्माण, पुँजीगत खर्चतिर ध्यान छैन; वर्षायामको विपद् व्यवस्थापन कति चुनौतीपूर्ण छ, चासो छैन । जिल्ला सदरमुकाम नै कस्तो छ, याद छैन; गाउँपालिका, नगरपालिकाका भवन ठड्याउनेतिर चासो छ । शैक्षिक संस्थाहरू कस्ता छन्, कति ती व्यापारिक भए, चासो भएन; सहरी विकास नाममात्रको छ, कर असुल्नैका लागि गाउँ सहर बनेको छ, कुनै सुविधा सहरको छँदै छैन, मेलम्चीमा ३० वर्ष अलमलिएको राजनीति आमजनताबाट टाढा भइसकेको छ ।

तराई-मधेस द्रुतमार्ग निर्माण सुरु भएको ६ वर्ष भयो, भौतिक प्रगति २८.५६ प्रतिशत छ, ५२ अर्ब ८६ करोड खर्च भइसकेको छ, अबको १० वर्षमा पनि पूरा नहुने देखिन्छ, हजारौं रुख कटान हुन बाँकी नै छ । भर्खरै सरकारले ३८ हजार रुख काट्न स्वीकृति दिएको छ । आफ्नो प्रकृति आफूले रक्षा नगर्ने अनि जलवायु परिवर्तनको संकट भन्दै विदेशीहरूसँग भिक्षा मागिएको छ । भएका विमानस्थलमा मुसा दौडिएका छन्, बारामा अर्को विमानस्थल हाल्न लाखौं रुख काट्नुपर्ने हुन्छ, भ्युटावरले मरुभूमि बनाउन खोजेको देशलाई विमानस्थलहरूले मरुभूमि बनाउन खोजिरहेको छ । हाम्रो नेतृत्वलाई देशको विकासको मोडल नै थाहा छैन, जब भूकम्पले हल्लाउँछ अनि सपनाबाट ब्युँझने हाम्रो संस्कृति छ । काठमाडौं-तराई द्रुतमार्ग मात्रै होइन, समस्या नौबीसे-मुग्लिनको पनि छ, गैंडाकोट-मालढुंगा खण्ड कालीगण्डकीको पनि छ, कञ्चनपुर पूर्वी खण्ड हुलाकी राजमार्ग मात्रै होइन, मध्यपहाडी लोकमार्गदेखि सिद्धबाबा सुरुङ मार्गसम्मको हालत उही छ ।

नागढुंगा-सिस्ने खोलाको ३ किमि कमको सुरुङमार्ग बन्न सुरु भएको चार वर्ष भयो, प्रगति ६७.६१ प्रतिशत मात्र छ, गत वैशाखमै समय सकियो, साउनसम्म म्याद थपियो, फेरि ०८१ वैशाखसम्म थपिएको छ । जापानी ऋण सहयोगसमेत २२ अर्बको लगानी छ, अझै ३ सय मिटर सुरुङ खन्नै बाँकी छ, आउने वैशाखसम्म खन्ने काम सकिए पनि फिनिसिङ गर्न १ वर्ष अर्को लाग्छ र अझै सवा वर्षयता त्यो चल्ने अवस्था देखिँदैन । सरकारी संयन्त्रहरूका बीच समन्वय हुन नसक्नु लोकतन्त्रको सबैभन्दा कमजोर पक्ष रहेको छ । एक संयन्त्रले 'हुन्छ, ओके' भन्छ अर्कोले 'नो, नट्' भनिहाल्छ । यसो हुँदा सबैले गुहार्ने श्री ३ हरूमै हो, लोकतन्त्रका स्रोत उहाँहरू नै हुनुहुन्छ, बालकोटदेखि बूढानीलकण्ठसम्म, संविधानमा मात्रै जनता भनिएको हो, सम्प्रभू जनतामा भएको भए तातो गोलीको बिक्री-वितरण हुन्नथ्यो । जनताले खरिद गरेको सरकारी सेवा सवारी लाइसेन्स १ लाख थानमा ३० हजार त खारेजीको सूचीमा परे रे, डेढ वर्षको अन्तरालमा १४ लाखले लाइसेन्स लिनका लागि प्रतीक्षामा बसे रे, लोकतन्त्रको पेटिकोट खुस्केको भन्न किन नमिल्ने त अब ? काम गर्ने कि फलानो दिवस मनाउने भन्दै सरकार आफैं माइतीघर गएर निषेधाज्ञा तोड्ने त ?

सूचना एवं सञ्चार प्रविधियुक्त संसार आजको आवश्यकता हो, विधि र परिवेश अनि जनमतको कुरा, विचार प्रवाह मनग्य हुनुपर्ने हो लोकतन्त्रमा । यातायात क्षेत्रको सर्वसुलभ पहुँच, व्यापारिक कार्यहरूको खुला र स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने हो, स्थानीय पूर्वाधारमा ठूलै लगानी गर्नुपर्ने हो, हाम्रो जस्तो विकट भूगोल बोकेको मुलुकमा विद्युतीय रेलमार्ग, सुलभ र पहुँचयोग्य हवाईमार्गले हाम्रो भू-बनोटलाई जोड्न सक्थ्यो । विकासमा जनसहभागिताको अपेक्षा सधैं भइरहनुपर्थ्यो, साधन र स्रोतको दोहन दलहरूले गर्ने नै होइन, देशका लागि हुनुपर्थ्यो र प्रयोग बुद्धिमत्तापूर्ण ढंगले हुनुपर्थ्यो । हाम्रो मुलुकमा साधन र स्रोत नभएको होइन, तर त्यसको बुद्धिमत्तापूर्ण र सही उपयोग नै भएन । स्थानीय कच्चा पदार्थ, जडीबुटी, बनबुट्यान, स्थानीय श्रम र सीपको प्रयोग नै भएन । सही ढंगले जलस्रोतको प्रयोग किन भएन, महाकालीबाट विकासको घाम आउने भनेर किन झुक्याइएको नि ? यहीँ विद्युतको महसुल चर्को किन ?

विदेशबाट इन्धन आपूर्ति गर्ने अनि बिजुली बेच्नु किन पर्ने ? नगर क्षेत्रको घोषणासँगै पूर्वाधारको छनक किन नपाइएको ? केवल राजस्व भर्ने नीतिभन्दा अरू के छ देशमा ? गुणस्तरका सडक, गुणस्तरकै खाद्यान्न, गुणस्तरकै पानी आपूर्ति गर्न कसले रोक्यो ? शिक्षा केवल निर्वाहमुखी मात्रै भयो किन ? रोजगार र सीपमुखी किन भएन ? अस्पतालहरूको सेवा किन निजी मात्रै, वीर अस्पतालले बिरामीको खाना किन भिकेको ? यी सबैको उत्तर लोकतन्त्रका संवाहकहरुले दिनुपर्छ । वातावरण सफा, स्वच्छ र हरियालीयुक्त संविधानमा मात्रै होन्ने हो र ? असंख्य नदीनाला, पाटी, पौवा, नेपालीको मौलिकता झल्कने क्षेत्रहरू कुरूप किन ?

योजनाबद्ध बस्ती विकास र व्यवस्थित सहरीकरण किन नभएको ? ग्रामीण बस्तीहरूमा वैज्ञानिक अध्ययन र माटो परीक्षणबिना नै सडक विस्तारको क्रममा डोजर किन चलाइयो ? विकासभन्दा विनाश किन धेरै ? केवल सपना वितरण गरेर आफू पन्छने लोकतन्त्रको गुण हो र ? प्रादेशिक तथा स्थानीय पूर्वाधारको विकास गरी सन्तुलित एवं समावेशी विकास गर्ने सरकारी योजना कागजमा सीमित भएन र ? प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध कायम गर्न नसक्नेले महँगो प्रादेशिक संरचना किन ल्याएको, घाँडो भएन र अहिले, अझै आशा छ र केही गर्ला भन्ने ? सर्वसुलभ रूपमा आमजनताले सेवा उपलब्ध गर्न सकेका भए, स्थानीय तहमा आय आर्जन एवं रोजगारी सिर्जनाको वातावरण तय भएको भए विदेश किन जान्थे युवाहरू ? सीप र स्रोतसाधन अनि प्रविधि प्रयोग गरी वातावरणमैत्री विकासका पूर्वाधार तयार गर्न कहाँ चुकियो, अझै खोजी नगरी सत्तामोहमै रमाइरहने त ? दिगो विकासको लक्ष्य कहाँ पुग्यो त ?

मीठा भाषणले मात्र अब मुलुक अघि बढ्ला त ? स्थानीय स्तरका उत्पादन र उत्पादकत्व बढाई जनतालाई अत्यावश्यक खाद्यान्न उपलब्धताको अवसर दिलाउन, हाल भइरहेको आहार प्रणालीमा परिवर्तन गर्ने-गराउने बानी बसाल्न, खाद्यान्न परनिर्भरता घटाउन पनि सडक यातायातको अहं भूमिका हुने हुँदा यिनको स्तर वृद्धि हुनुपर्ने होइन र ? सडक यातायातको इतिहासमा काठमाडौं-हेटौंडा जोड्ने त्रिभुवन राजपथको निर्माणपछिदेखि अहिलेसम्म पनि डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा सवारी सुविधा अझै राम्ररी पुग्न सकेको छैन त । आमनेपालीका आँखा रसाउने गरी भइरहेका सडक दुर्घटनाहरूले हाम्रो यातायात सुरक्षित र भरपर्दो नभएको स्पष्ट छ । दुर्गम पहाडी क्षेत्रमा सडक यातायात वृद्धिसँगै कहालीलाग्दा दुर्घटनाहरु बढेका छन् । व्यवस्थित भनिएको राजधानी पनि सार्वजनिक यातायातबाट सुरक्षित छैन त । खण्डास्मित र माटे सडक भरपर्दो र सुरक्षित हुने कुरो भएन । दुई-चार घण्टाको वर्षाबाट राजधानीको सडक ट्राफिक अवस्था अस्तव्यस्त हुने गरेको यथार्थबाट मुलुककै सडक यातायातको सिंगो चिनारी त भइ नै रहेको देखिन्छ ।

काठमाडौं-तराई जोड्ने रेलमार्ग, मेची महाकाली विद्युतीय रेलमार्ग, काठमाडौं मेट्रो, मोनोरेल, बर्दिबास-सिमरा विद्युतीय रेलको सपना पनि बाँडिको छ लोकतन्त्रले, भनौं सपना बाँड्न केही बाँकी राखेको छैन, कहिलेसम्म हो पत्याउने ? वातावरणमैत्री परिवहन सञ्चालनको अनुभव गर्ने सपना कहिले पूरा हुने नेपालीहरुको ? बहुचर्चित मेलम्चीको सुरुङमार्ग आधा पनि खनिनसकेको अवस्थामा मेलम्ची खानेपानीका ठूला पाइपहरू राख्न पूरै सडक बिगारियो, कलंकी-चाबहिल चक्रपथ विस्तार कता पुगेको हो ? कलंकी-कोटेश्वरको ग्वार्को रोडमा समस्या उस्तै छ । राजधानी उपत्यकामा लगभग ६० लाखको बस्ती छ, त्यसमध्ये ३५ लाख मानिस नियमित सवारी साधन प्रयोग गर्छन्, यो संख्या एकैपटक सडकमा निस्कने हो भने हालत के हुन्छ त ? इम्बोस्ड नम्बर प्लेटमा देशै चिनिंदैन, नेपाली राख्नै नहुने क्या अप्ठेरो लोकतन्त्र आएछ देशमा, राष्ट्रिय परिचयपत्रमा राष्ट्रिय पोसाक राख्न नहुने जस्तै गरी । पुराना, अवधि नाघेका गाडीहरू हटाउनै नसकिने, प्रदूषण नगर्ने यातायातलाई भन्सार दर घटाउनै नसकिने लोकतन्त्र हो कि लोभतन्त्र हो, यो बुझिएन । ट्राफिक जामको समस्या झन् बढाउने लोकतन्त्र पो रहेछ यो, त्यहींबाट पैसा सोर्न सकिने ।

विकसित मुलुकका सहरहरूमा दिन दुई गुना रात चौगुना सडक विस्तार हुने गर्छ । वातानुकूलित सवारी साधन, सुरक्षित, भरपर्दो, सरल, सहज र निश्चित गन्तव्यमा पुग्ने हुन्छ । विश्वका १ सय ८० सहरमा अहिले मास ट्रान्जिट एवं बस र्‍यापिड ट्रान्जिट सेवा सञ्चालनमा छ । बीआरटी एवं मास ट्रान्जिट सेवामा आफ्नो लेनभित्र गुड्ने सवारीले ट्राफिक लाइट पर्खनु पर्दैन । लगातार तोकिएको गतिमा गुडिरहेको हुन्छ । नेपालमा सार्वजनिक परिवहन वि.सं. २०१६ देखि सुरु हुँदा, वि.सं. २०१८ देखि साझा यातायात सुरु हुँदा, वि.सं. २०३२ देखि त्रिपुरेश्वर-सूर्यविनायक ट्रलीबस सेवा सुरु हुँदा, भनौं लामो समयको अनुभव भइसक्दा पनि यातायात क्षेत्र अझै बामे सर्न लागेको देखिनु आफैंमा लाजमर्नु कुरो हो । हामीकहाँ यातायातमा सरकारको संलग्नता नै छैन भन्दा हुन्छ । फलस्वरूप आम सेवाग्राहीले नाफामुखी निजी क्षेत्रको भर पर्नुपरेको छ ।

विगतमा दर्जन पटक इन्धनको मूल्य कटौती हुँदा यातायात व्यवसायीहरूले केवल सुका-मोहर मात्र भाडा घटाउने प्रयत्न गरे, त्यो पनि व्यवहारतः कार्यान्वयन भएन । मुलुकमा उदार अर्थव्यवस्थाको कार्यान्वयनपछि सार्वजनिक संस्थाहरू कौडीको मूल्यमा बिक्री भए । हवाई यातायात क्षेत्रमा साख बाँकी रहेको वायुसेवा निगम पनि ढलपलको अवस्थामा छ, वाइडबडीको प्रकरणले सिंगो मुलुक तनावमै रहेको हो । थाइल्यान्डको थाई एयर र नेपालको वायुसेवा एकै पटक सुरु भए, तर हाम्रो यति निकम्मा किन ? नाफा कमाउन सकिनेमा निजी क्षेत्रका वायुसेवाहरूले एकछत्र रजाइँ गरिरहेका छन्, बढ्दो ट्राफिक जाम अहिले सडकमा मात्र होइन, आकाशमा पनि छ । सार्वजनिक यातायातको भरपर्दो अनुगमन नहुँदा ठूलो धनजनको क्षति भइरहेको छ । सवारी पार्किङको पूरै असुविधा छ, पुराना र थोत्रा गाडीहरूको प्रदूषणबाट नेपाली जनजीवन उच्च जोखिममा छ । यात्रुवाहक, मालवाहक दुवै सवारी साधनको वैज्ञानिक भाडादर र तेस्रो पक्ष बीमा, सवारी प्रदूषण मापदण्ड, सवारी साधन जाँचपास कार्य व्यवस्थित छैन ।

सवारी दर्ता प्रमाणपत्र वितरण, नवीकरण, चालक अनुमतिपत्र वितरण र नवीकरण सरल र पारदर्शी छैन । संलग्न कर्मचारी नै दक्ष र सकारात्मक छैनन् । मुलुकको उत्तर-दक्षिण कोरिडर, पूर्व-पश्चिम सडक स्तर वृद्धि, मध्यपहाडी मार्ग, उत्तर-दक्षिण तराई-पहाडको गुणस्तरीय सडक, सदरमुकाम मात्रै नभएर आम व्यापारिक नाकामा परिवहनको राम्रो सुविधा, शीत भण्डारसहितको सवारी सुविधा हुन सके कृषि उपज, अन्य छिटो सड्ने, गल्ने सरसामानको समेत उचित प्रबन्ध हुन सक्नेछ । ट्राफिक जामरहित, सुरक्षित, व्यवस्थित र भरपर्दो सडक यातायातको परिकल्पना हामीले कहिले पूरा गर्ने हो, यकिन छैन । के हाम्रो पूर्वाधार सधैं अस्तव्यस्त नै हुने हो त ?

*(स्रोतः कारोबारदैनिक)*

# आज माघे संक्रान्ति तथा माघी मनाइँदै



समाज संवाददाता

हेटौंडाः माघ १ गतेका दिन मनाइने माघे संक्रान्ति तथा माघी पर्व आज सोमबार देशभर मनाइँदैछ । आजकै दिनबाट सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघे संक्रान्तिलाई मकर संक्रान्ति पनि भन्ने गरिन्छ ।

माघे संक्रान्ति पर्व घिउ, चाकु, तिलको लड्डु, तरुल, खिचडीलगायतका परिकार खाएर मनाउने चलन छ । यस दिन आफन्त तथा परिवारका सदस्य जम्मा भएर अघिल्लो राति नै उसिनेको तरुल र पकाइएको चाकु, लड्डु तथा घिउलगायतका मीठामीठा परिकार खाएर रमाइलो गर्ने परम्परा छ । माघे संक्रान्तिका दिनलाई थारु, मगर र छन्त्याल समुदायले नयाँ वर्षको रुपमा धुमधामसँग मनाउने गर्दछन् । पश्चिम तराइका जिल्लामा बसोबास गर्ने थारु समुदायले माघे संक्रान्तिलाई माघी पर्वको रुपमा मनाउने प्रचलन छ । थारु समुदायले माघ १ गतेदेखि गाउँको मुखिया चयन गर्ने, वर्ष दिनको योजना बनाउनेलगायत काम गर्दछन् ।

आज सोमबार हेटौंडामा छैटौं थारु माघी महोत्सव हुने भएको छ । माघी महोत्सव मुल आयोजक समिति मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा भूटनदेवी स्कूलको चौरमा महोत्सव हुने भएको हो । थारु जातिको सांस्कृतिक, लोककला, भाषा, दर्शन, साहित्य, रितिरिवाज र थारु खाना परिकारहरुको जगेर्ना तथा प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको आयोजक समितिका सचिव चन्द्रकान्त चौधरीले जानकारी दिनुभएको छ ।

माघे संक्रान्तिको अवसरमा चितवनको देवघाट, सुनसरीको बराहक्षेत्र, नुवाकोटको देवीघाट, बर्दियाको ठाकुरद्वारा, काभ्रेको पनौतीलगायत देशभरका नदी, त्रिवेणी तथा सागरहरुमा मेला लाग्ने गर्दछ । ती स्थानमा स्नान गर्ने भक्तहरुको घुइँचो लाग्ने गर्दछ ।

# अर्यालको आँखाको नानी संकलन

समाज संवाददाता

हेटौंडाः हेटौडा उपमहानगरपालिका-१२, पदमपोखरीका बासिन्दा योगेश अर्यालको आँखाको नानी संकलन गरिएको छ । दुर्घटनामा परी मृत्यु भएका अर्यालको परिवारले उनको आँखाको नानीले दृष्टिविहीनले आँखाको दृष्टि पाउने सुनेपछि नानी दान गरेका हुन् ।

परिवारको ईच्छाअनुसार स्वर्गीय अर्यालको आँखा दान गरिएको हो । अर्यालका आँखाको दानप्रति छिमेकीको समेत समन्वय रहेको छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालमा पहिलो पटक हेटौंडा-४, खोपेगल्लीका रामकृष्ण श्रेष्ठको नानी संकलन गरिएको थियो । तत्पश्चात् विभिन्न समयमा गरेर हालसम्म १९ जनाको आँखाको नानी संकलन गरिएको छ । आर्यलको आँखाको नानीसहित यो २० औं आँखाको नानी संकलन हो ।

हेटौंडा अस्पतालबाट आइतबार संकलन गरिएको नानीलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा राखिएको छ । उक्त आँखाको नानीलाई आज सोमबार काठमाडौंको आइबैंकमा पठाउने हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो । आवश्यक भएको व्यक्ति, नानीमा समस्या भएर दृष्टिबिहीन भएका व्यक्तिलाई उक्त नानी वितरण गरिने श्रेष्ठले बताउनुभयो ।

रुखको हाँगाले च्यापिएर अर्यालको शनिबार मृत्यु भएको थियो । शनिबार सोल्टीचोक नजिक रहेको रुखको हाँगा काट्ने क्रममा हाँगाले काँधमा च्यापेर उनको मृत्यु भएको हो ।

# मुस्लिम ईत्तेहाद संगठन बागमती अध्यक्षमा समिम

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट नेपाल मुस्लिम ईत्तेहाद संगठन बागमती प्रदेशको अध्यक्षमा महम्मद समिम चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको प्रदेशको प्रथम अधिवेशनले समिमको अध्यक्षतमा ११ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

कार्यसमितिको उपाध्यक्षमा निसारुद्दिन मिया र मजित सिद्दिकी चयन हुनुभएको छ । सचिवमा रहिमुद्दिन मिया र सह-सचिवमा सिद्दिक मिया चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा रहीम मियाँ, जुबैर अन्सारी, नदिम ख़ान, साजिद अली अख्तर, जाबेद अली र महताब शेख रहनुभएको छ ।

आफूले पाएको जिम्मेदारी इमानदारी र निष्ठाका साथ बहन गर्ने प्रतिबद्धता अध्यक्ष समिमले व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल मुस्लिम ईत्तेहाद संगठनका केन्द्रीय अध्यक्ष सेराज अहमद फारुकी, संगठनका केन्द्रीय उपाध्यक्ष राज मोहम्मद, बागमती प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेकपा एमाले केन्द्रीय सल्लाहकार सदस्य डोरमणि पौडेल, केन्द्रीय सदस्य जुनेली श्रेष्ठ, रामेश्वर रानालगायतको उपस्थिति रहेको थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# माघे संक्रान्तिका लागि तरुलको बिक्री कम

समाज संवाददाता

हेटौंडाः माघे संक्रान्तिका लागि तरुल किन्ने मानिसको सख्या यो वर्ष कम भएको छ । हेटौंडाको विभिन्न ठाउँको तरकारी बजारमा तरुल किन्ने ग्रहकहरुको संख्या कम भएको हो ।

तरकारी व्यवसायीहरुका अनुसार यो वर्ष तरुल, पिँडालु र शखरखण्डलगायत कन्दमूल किन्न आउने ग्राहकको संख्या घटेको छ । आइतबार हेटौंडा-१, राप्ती बगरको तरकारी तथा फलफूल थोक बजारमा तरुल प्रतिकेजी ६० देखि ७० रुपैयाँमा बिक्री भएको छ । वन तरुल प्रतिकेजी एक सय रुपैयाँमा बिक्री भएको छ । यस्तै, सखरखण्डा प्रतिकेजी ४० देखि ४५ रुपैयाँ र पिँडालु प्रतिकेजी ६० देखि ७० रुपैयाँमा बिक्री भएको तरकारी व्यापारी केशव दहालले बताउनुभएको छ ।

पिडालु र तरुल मकवानपुर जिल्लाकै ग्रामीण क्षेत्रबाट बिक्रीका लागि आउने गरेको र रातो तरुल सर्लाही जिल्लाबाट ल्याएर बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । अहिले आर्थिक मन्दीको अवस्थामा तरुल दैनिक १-२ गाडीमात्र बाहिरी जिल्लाबाट ल्याउने गरेको उहाँले बताउनुभयो । खुद्रा बजारमा भने तरुल प्रतिकेजी १ सय रुपैयाँ, वन तरुल १ सय २० रुपैयाँदेखि १ सय ५० रुपैयाँमा बिक्री भइरहेको व्यवसायी जगतबहादुर मोक्तानले बताउनुभएको छ । अहिले आर्थिक मन्दीको प्रभावले पहिलाको तुलनामा धेरै कम व्यापार हुने गरेको उहाँको भनाइ छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2

## महिला हिंसा विरुद्धको आवाज



देविना सञ्जेल

ज्ञानको आर्जनका निमित्त पहिलो विद्यालय हो घर । धेरैकुराहरु सिकिन्छ घरकै आँगन वरपर !! शिक्षा यो घरकै पाएर आउँछ शान्ति र सद्भावना ! हिंसाको निमिट्यान्न पार्ने ज्ञानको यहिँ छ सम्भावना !!

विभेदका भुमरी खेपेर बढेका महिलाहरु छन् जति ! ईश्वरका वरदान आमा जगतका यो राष्ट्रका सम्पति !! हिंसाग्रस्त यिनै घटना ग्रस्त भयका सुनिन्छ हरेक दिन ! घरैबाट अब थाल्नु छ अभियान यसबाट मुक्ति लिन !!

घरैपिच्छे अझै छोरा र छोरीमा छुट्याउने चल्ति छ ।

हिंसा चुलिनागो समान पदि पन्यो यो चल्ति नै गल्ति छ !!

घरका अग्रज र आमा अनि बुवा विचार गर्नुहोस खुवै !

छोरा अनि छोरी समान उत्तिकै आँखा सारका दुवै !!

प्रत्येक घरमा महिला पुरुषमा समानता झल्किए !

हिंसा अन्त्य निमित्त ज्वाला सरी भै झिल्काहरु सल्किए !!! हिंसामुक्त समाज बन्छ सहजै सर्वत्र सन्देश छरौं !

महिलाहिंसा विरुद्ध सख्त अभियान घर बाटै सुरु गरौं !!

## हामी नेपाली




कृतिका बतौंला

सहज रुपमा मनुपदी नेपाली भनेको नेपालमा बस्ने नागरिक हो । नेपाल अनेक जात, अनेक धर्ममा, अनेक भाषा भेष मिसिएर बनेको छ । हामी नेपालीमा घमन्ड र स्वार्थको भने भावना उठेको छैन् । हामी निस्वार्थी र धर्मको बाटोमा लाग्ने मानिस हौ । हामी रिस, राग, कपट र छल कहिले गर्दैनौ । हाम्रो देश स्वर्ग झै सुन्दर र चन्द्रमा झै चम्किलो छ । हामी नेपाली एकतामा बसेर हरेक कम गर्दा सफलता प्राप्त गर्छौ । हाम्रो देशमा एकअर्को महान पुरुषहरु जन्मेका हुन । जस्तै पृथ्वी नारायण शाह, बलभद्र कुँवर आदि ।

उहाँहरुले ठुला ठुला काम गरी जानुभएको छ । उहाँहरुले देशका लागि केही नकेही योगदान दिएर गएका हुन् । हामी नेपालीतिनीहरुका छोराछोरी हौ र त्यसै कारणले हामीले पनि देशको लागि केही गनुपर्छ । उनीहरु नेपालमै जन्मेका थिए । उनीहरुको जस्तै हामीले पनि आफ्नो प्राणको चिन्ता नगरी देशलाई हरेक परिस्थितिबाट बचाउनुपर्छ । हामी नेपालीको नेपाललाई विकास तर्फ लानुपर्छ । हामी नेपालीले कर्म मात्र गर्नपर्छ, फलको उपेक्षा गर्नुहुँदैन् । हामी नेपालको नेपालले विर गोर्खाली वरगतले हार मान्दैनौ र गौतम बुद्धको शिक्षालाई चारै तर्फ बाटछौ । हामी नेपालीको आफ्नो ज्ञानले सबैलाई पवित्र बनाउनुपर्छ । हामी नेपालीले दुःख सुःख बाँडी हरेकलाई सहयोग गर्छौं र गरीबलाई घर, कपडा, खाना आदि गरिदिन्छौ । हामी नेपाली दयालु छौं र परिश्रम गरी हरेक कम गर्छौं । हामी नेपालीको एकतामा बसी देशमा परेको हरेक समस्यालाई समाधान गर्छौं ।

नेपाल आमाका लागि पिर परेको बेला बेला हामी अगाडि बढ्छौ । हामीले आफ्नो देशलाई दियोको जस्तो सधैभरिको उज्यालो राछौ । हामी नेपाली अरुको भर पर्दैनौ । हामी आफुले नै कर्म गरी घरपरिवारलाई पाल्छौं । *कक्षा-५*

## चित्रकला






विनिक श्रेष्ठ
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२

## नेपाली/हाम्रा चाडपर्व



तृषा लामा

चाडपर्व भन्नाले कुनै पनि खास दिन तथा तिथिमा विभिन्न जातजातिका तथा समुदायका मानिसहरूको विशेष पर्वको रुपमा मान्ने र विभिन्न देवदेवीहरुको पूजा आजा गरी भोज भतेर खाई नाचगानका गरी रमाइलो गर्ने दिनलाई भन्निछ । मेलपात भन्नाले धेरै मानिसहरू सकै ठाउँमा जम्मा भई मनाउने जात्रा, यात्रा तथा उत्सवहरू हुन् । जात्रा भन्नाले साधारणतया हामी देवदेवीको रथयात्रा, खटयात्रा आदिलाई भन्छौं । त्यस्तै परम्परा भन्नाले धेरै समय अधिदेखि चलिआएका विभिन्न किसिमका रीतिथिति, प्रचल तथा प्रथाहरू हुन् । नेपाल अनेकतामा एकताको अदभुत संगम भएको एउटा सुन्दर राष्ट्र हो । जहाँ अनेक धर्म भाषाभाषी, जात-जाति, सम्प्रदायका मानिसहरु एउटै मालामा विभिन्न फूल गाँसिए सरी रहेका छन् । याहाँका हरेक जाति, धर्म र सम्प्रदायको आ-आफ्नै सांस्कृतिक समपति छ जो विभिन्न चाड पर्वको रूपमा हाम्रो समाजमा चलन चल्तीमा रहेको छ । यहाँ प्रसस्त जातजाति र उपजातिहरू छन् । त्यसैको अनुपतामा ती चाड पर्वहरु मनाइन्छन् । यो शिलशिला वर्ष भरीनै चलिरहेको हुन्छ । समान्यतया चाडपर्वलाई निम्न ९ भागमा बाँडन सकिन्छ ।

- हर्षोल्लास समबन्धी पर्व
- कृषि तथा पशु सम्बंधी पर्व .
- दामपत्य जीवन सम्बन्धी पर्व
- दाजुभाई-दीदिबहिनी बीचको स्नेह सम्बन्धी पर्व
- परिवार कल्याण समबन्धी पर्व
- मातापिताको पर्व कल्याण तथा मुक्ति समबन्धी पर्व
- पर्यटन पर्व
- वेति पर्व शहीद दिवस
- विशुद्ध धार्मिक पर्व

सामाजिक झल्कोलाई प्राचिन कालादेखि डोच्याउँदै ल्याएको छ । नेपाली समाज, नेपाल राष्ट्रिय एकता र अखण्डताको समृद्धिको लागि यो चाड पर्वहरू महत्वपूर्ण खांबीको रूपमा रहेका छन् । हाम्रो धार्मिक समन्वय र सामाजिक एकताको प्रतिक भएका छन् । हाम्रो सामाजिक सौहा-दवामा बेला बखत परेको खाडल पुर्दै आएका छन भने सामाजिक बनौटमा देखिएको मतभेद हटाउन मद्दत गरेका छन् । चाडपर्व मनाउँदा समाज/समुदायमा एकता, सहकार्य, सहयोग, झै-झगडा नहने हुन्छ । मेरो मनपर्ने चाडपर्वहरूको नाम दसैं, तिहार हुन् । हामी सबैजना मिलेर चाडपर्व मनाउनु पर्छ । मलाई चाडपर्व मनाउन एकदम धेरै रमाइलो लाग्छ ।

*कक्षा-५*

# भूटनदेवी माविलाई उत्कृष्ट विद्यालय बनाउनुपर्छ



*भुटनदेवी माध्यमिक विद्यालयको ५६ औं अभिभाव भेला तथ पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुदैं बागमती प्रदेश सभासदस्य एकलाल श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले भूटनदेवी माध्यमिक विद्यालयलाई उत्कृष्ट विद्यालय बनाउनुपर्ने बताउनुभएको छ । आइतबार भूटनदेवी माध्यमिक विद्यालय हेटौंडाको ५७ औं अभिभावक भेला तथा पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रदेशसभा सदस्य श्रेष्ठले यस्तो बताउनुभएको हो । उहाँले भूटनदेवी माविमा अध्ययन गरेका विद्यार्थीहरुले दक्ष जनशक्तिको रुपमा देश विदेशमा काम गरिरहेको बताउनुभयो ।

विद्यालयले आफ्नो जमिन उपलब्ध गराएर अन्य शैक्षिक संस्थाको विकासमा पनि योगदान दिँदै आएको उहाँले बताउनुभयो । विद्यालयमा भौतिक तथा शैक्षिक अवस्था राम्रो भएकाले अन्य विद्यालयको तुलनामा धेरै विद्यार्थीहरु भूटनदेवीमा अध्ययन गर्ने गरेको उहाँको भनाइ छ। विद्यार्थीहरुले प्राप्त गरेको अंकको अधारमा विद्यालयलाई समाजमा चिनाउन सकिने उहाँले स्पष्ट पार्नुभयो ।

विद्यालयलाई भौतिक र शैक्षिकरुपमा अझ स्तरीय बनाउन सरोकारवाला लाग्नुपर्ने उहाँले बताउनुभयो । शैक्षिक विकासमा शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिले ठूलो भूमिका निर्वाह गर्नसक्ने भन्दै प्रदेशसभा सदस्य श्रेष्ठले विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थी तथा शिक्षकको सक्रिय सहभागिता हुनुपर्ने बताउनुभयो । उहाँले सबैको अपेक्षाअनुसारको शैक्षिक उन्नतिको कामना गर्नुभयो ।

प्रमुख अतिथि श्रेष्ठले विद्यालयले आफ्नै स्रोतबाट १ करोड ८१ लख ५५ हजार ८६ रपैयाँमा निर्माण सम्पन्न गरेको ९ कोठे भवनको उद्घाटन पनि गर्नुभयो । कार्यक्रममा बागमती प्रदेशको पूर्वमन्त्री जुनेली श्रेष्ठको विशिष्ट आतिथ्य थियो ।

अभिभावक भेलामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फुर्वा दोर्जे लामाले विद्यालयको भौतिक तथा शैक्षिक विकासका लागि एक वर्षभित्र भएका कार्यहरु र आगामी वर्षको योजनासम्बन्धी प्रतिवेदन पेश गर्नुभयो । विद्यालयले भैरवरोड र पारिजातपथमा खालि रहेको जमिनमा पसल कवल निर्माण गरेर विद्यालयको आम्दानीको स्रोत बनाएको अध्यक्ष लामाले बताउनुभयो ।

विद्यालयले छात्रावास निर्माण र भौतिक संरचना थप गर्न विभिन्न निकायमा प्रस्ताव पेश गरेको उहाँले जानकारी दिनुभयो । स्नातक तहको प्राविधिक शिक्षा सञ्चालनका लागि भूटनदेवी इन्जिनियरिङ कलेजलाई सम्बन्धन दिलाउन पोखरा तथा पूर्वाञ्चल विश्वविद्यालयमा प्रस्ताव पेश गरेको उहाँले बताउनुभयो । अध्यक्ष लामाले विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था, विद्यालय नर्सको व्यवस्था, विद्यालयको गुरुयोजना तयारी, सुरक्षा व्यवस्थालगायत कार्यहरु गरेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दाहालले विद्यालयको शैक्षिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले विद्यालयको गत आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन र चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय-व्यय विवरण भेलामा सुनाउनुभएको हो । प्रतिवेदनअनुसार विद्यालयले गत आर्थिक वर्ष विद्यालयले ७ करोड १२ लाख ७६ हजार आम्दानी तथा ५ करोड ९८ लाख २७ हजार खर्च गरेको छ । चालु आर्थिक वर्षका लागि विद्यालयले ८ करोड ७८ लाख अनुमानित आम्दानी हुने र ७ करोड ५० लाख अनुमानित खर्च हुने विवरण प्रधानाध्यापक दाहालले साधारणसभामा प्रस्तुत गर्नुभएको छ ।

प्रधानाध्यापक दाहालले हाल विद्यालयमा मावि तहमा स्थायी ६, करार शिक्षक/प्रशिक्षक ८ र निजी स्रोत ६ जना गरी २० जना शिक्षक कार्यरत रहेको जानकारी दिनुभयो । आधारभूत तहको निमावि शिक्षक स्थायी ५ जना, सहायक प्रशिक्षक २ जना र निजी स्रोतको १० जना गरी १७ जना कार्यरत रहेको उहाँले जानकारी दिनुभयो । आधारभूत तहकै प्राथमिक तहमा ९ जना दरबन्दी र ६ जना निजी स्रोत गरी १५ जना शिक्षक कार्यरत रहेका छन् । विद्यालयमा २ जना बाल विकास शिक्षक, १० जना कर्मचारी, एक जना ल्याब तथा पिरियड बेसिसका ११ जना शिक्षकसमेत ७६ जना शिक्षक कर्मचारी रहेको प्रधानाध्यापक दाहालले जानकारी दिनुभयो ।

कार्यक्रममा गतवर्ष एसईई परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी तथा कक्षा नर्सरीदेखि १२ कक्षासम्मका उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । तहगतरुपमा अनुशासित, नियमित र सरसफाइमा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको छ । कार्यक्रममा तहगतरुपमा उत्कृष्ट शिक्षक, कर्मचारी तथा पालिकास्तरीय

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई नगदसहित सम्मान गरिएको छ ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख हरिश्चन्द्र सापकोटा, विद्यालयको शिक्षक अभिभावक संघका संयोजक नारायणप्रसाद तिमल्सिना, आधुनिक राष्ट्रिय मावि व्यवस्थापन समिति अध्यक्ष समिम खान, आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाई, श्रमिक मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवेक कार्कीलगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका सदस्यहरु, विद्यालयका शिक्षक, कर्मचारी, भूटनदेवी स्काउट ट्रुप/क्रयू, विद्यार्थी तथा अभिभावकको उपस्थिति थियो ।

## अन्तरपालिका फुटसल

# सेमिफाइनल र फाइनल खेल आज हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकामा भएको चौथो अन्तरपालिका शहीद रुद्र पाखिन/वासुदेव घिमिरे स्मृति फुटसल प्रतियोगिताको सेमिफाइनल र फाइनल खेल आज सोमबार हुँदैछ । आइतबार प्रतियोगिताको क्वाटरफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै सोमबार सेमिफाइनल र फाइनले खेल हुने भएको हो ।

क्वाटरफाइनलको पहिलो खेलमा मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितले थाहा नगरपालिकालाई १-० गोल अन्तरले पराजित गरेर समूह 'क' विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरको छ । मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिको तर्फबाट सुजन भोम्जनले खेलको दोस्रो हाफमा निर्णायक गोल गरेका थिए । आइतबार भएको दोस्रो खेलमा हेटौंडा उपमहानगरपालिका 'ए' पनि सेमिफाइनलमा प्रवेश गरेको छ । हेटौंडा उपमहानगरपालिका 'ए'ले हेटौंडा उपमहानगरपालिका 'बी'लाई ३-० गोल अन्तरले पराजित गरेको हो ।

यस्तै, तेस्रो खेलमा हेटौंडा फुटबल एकेडेमी सेमिफाइनल प्रवेश गरेको छ । एकेडेमीले थाहा नगरपालिकालाई ७-० गोल अन्तरले पराजित गरेको हो । अन्तिम क्वाटरफाइनल खेलमा हेटौंडा-१० स्थित नारायणी कलेज सेमिफाइनलमा प्रवेश गरेको छ । नारायणी कलेजले मकवानपुर गढी गाउँपालिकालाई ३-१ गोल अन्तरले पराजित गरेको हो ।

प्रतियोगिताअन्तर्गत् आज सोमबार पहिलो सेमिफाइनल खेलमा नारायणी कलेज र मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा हेटौंडा फुटबल एकेडेमी र हेटौंडा उपमहानगरपालिका 'ए'बीच प्रतिस्पर्धा हुनेछ । सेमिफाइनलका दुई विजेता टिमले उपाधिका लागि फाइनल प्रतिस्पर्धा गर्नेछन् ।

मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिको आयोजना तथा गाउँपालिकाको सहयोगमा भएको प्रतियोगितामा आयोजकसहित ११ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख २५ हजार रुपैयाँ र उपविजेता टिमले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ । समितिले ३ वर्षदेखि प्रतियोगिता आयोजना गर्दै आएको छ ।

# टिम च्याम्पियन बुद्धिचालको उपाधि दोलखालाई

समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघ र ललितपुर स्पोर्टस् क्लबको संयुक्त आयोजनामा सम्पन्न छैटौं तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगिताको उपाधि दोलखा चेस होमले जितेको छ । ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानको हलमा शनिबार सम्पन्न फाइनल खेलमा भक्तपुर जिल्ला बुद्धिचाल संघलाई हराउँदै दोलखाले उपाधि जितेको हो ।

टिमलाई उपाधि जिताउने क्रममा दोलखामा वर्तमान नेपाल च्याम्पियन रुपेस जैसवालले युवा खेलाडी पुरुषोत्तम सिलवाललाई पराजित गर्दा दोलखाका सुश्रुत दहाल भक्तपुरका विकास चोकामीसँग बराबरी खेले । दोलखाका मुहान नर्सिङ श्रेष्ठ र सुजना लोहनीले क्रमशः भक्तपुरका स्वर्णिम दुवाल र अभिषेक शाहलाई पराजित गरे । उपाधि जित्ने क्रममा दोलखाले भक्तपुरलाई ३.५-०.५ ले पराजित गर्‍यो ।

शनिबार नै भएको अर्को खेलमा मकवानपुर जिल्ला बुद्धिचाल संघलाई २.५-१.५ ले पराजित गर्दै कोशी प्रदेश प्रतियोगितामा तेश्रो भएको छ। मकवानपुर चौथो स्थानमा सिमित बनेको हो । प्रतियोगिताको उपाधि विजेता दोलखाले २ लाख रुपैयाँ र उपविजेता भक्तपुरले १ लाख २० हजार, रुपैयाँ प्राप्त गरे । तेस्रो स्थान प्राप्त गरेको कोशीले ६० हजार र चौथो भएको मकवानपुरको टिमले ४० हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीहरुलाई जनही १० हजार पुरस्कार प्रदान गरिएको छ । प्रतियोगिताका लागि ४ लाख ७० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको थियो ।

## बकैयास्तरीय फुटबल प्रतियोगिता

# सिनियरतर्फ वडा नम्बर ५ र जुनियरतर्फ १० लाई उपाधि

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा आयोजना भएको पाँचौ संस्करणको पालिकास्तरीय फुटबल प्रतियोगिताको उपाधि जुनियरतर्फ वडा नम्बर १० र सिनियरतर्फ वडा नबर ५ ले जितेको छ। जुनियरतर्फ वडा १० ले ११ लाई र सिनियरतर्फ ५ ले ९ लाई हराउँदै उपाधि जितेको पालिकाका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले बताउनुभयो ।

जुनियरतर्फ आइतबार भएको फाइनल खेलमा वडा नम्बर ११ लाई ३-२ गोलले हराउँदै वडा नम्बर १० ले उपाधि जितेको हो । यसअघि भएको सेमिफाइनल खेलमा वडा नम्बर १ लाई हराउँदै १० नम्बर वडा फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगितामा जुनियरतर्फ ५ टिमको सहभागिता रहेको थियो ।

यस्तै, सिनियरतर्फ वडा नम्बर ९ लाई ट्राइब्रेकरमा ४-२ गोलले हराउँदै वडा नम्बर ५ ले उपाधि जितेको छ । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । ५ नम्बर वडा यसअघि सेमिफाइनलमा ४ नम्बर वडालाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगितामा सिनियरतर्फ ७ वटा वडाका टिमको सहभागिता रहेको थियो । उपाधि विजेता वडा नम्बर ५ र १० ले १-१ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता वडा नम्बर ९ र ११ ले ५०-५० हजार रुपैयाँमा चित्त बुझाएको छ ।

# नेपाली भाषा शिक्षणसम्बन्धी कार्यशाला

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आइतबार नेपाली भाषा शिक्षण, पाठ्यक्रम विमर्श तथा सिर्जनात्मक लेखनसम्बन्धी कार्यशाला भएको छ । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) मकवानपुर र ऐरावती प्रकाशनको संयुक्त आयोजनामा कार्यशाला भएको हो ।

कार्यशालामा मकवानपुरभित्रका संस्थागत विद्यालयका एक सय शिक्षकहरु सहभागी थिए। सहभागीहरुलाई पाठ्यपुस्तक लेखक एवम् साहित्यकार प्राध्यापक डा. देवी नेपाल र पाठ्यक्रमविज्ञ डा. गणेशप्रसाद भट्टराईले सहजीकरण गर्नुभयो। कार्यक्रममा बोल्नुहुँदै प्राध्यापक डा. नेपालले भाषिक शुद्धताका लागि नेपाली भाषाको ज्ञान अनिवार्य रहेको बताउनुभयो। कहिलेकाहीँ भाषामा त्रुटि हुँदा अर्थ नै फरक पर्नसक्ने भएकाले भाषालाई सचेत भएर लेखन गर्नुपर्ने उहाँले बताउनुभयो ।

ऐरावती प्रकाशनका अध्यक्ष रामदेव पाण्डेले पछिल्लो समयमा सरकारी निकायबाट आउने सूचनाहरुमा समेत भाषिक शुद्धता नभइरहेको बताउनुभयो । जसले गर्दा सूचनाको मुख्य आशय नै फरक पर्ने गरेको उहाँले बताउनुभयो । भाषालाई कसरी व्यवहारमा लागू गर्ने र विभिन्न सिर्जनात्मक लेख रचनाहरु कसरी लेख्ने भन्नेबारे कार्यशालामा छलफल भएको उहाँले बताउनुभयो । इस्टु मकवानपुरका अध्यक्ष रामशरण रिजालको सभाध्यक्षतामा कार्यशाला भएको हो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

**आवश्यकता**

यस कालिका दुग्ध उत्पादक सहकारी संस्था लि. को २०८०/०९/२४ गते भएको १० औं वार्षिक साधारणसभाको निर्णयअनुसार यस संस्थामा कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिन्छ ।

**तपशिलः**
१. पद : व्यवस्थापक
२. संख्या : एक (१)
३. न्यूनतम शैक्षिक योग्यता : १०+२ (दश जोड दुई) वाणिज्य संकायमा उत्तीर्ण
४. उमेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
५. परीक्षाको किसिम : लिखित र प्रयोगात्मक
६. तलब : २०,०००।–
७. सम्पर्क मितिः २०८० माघ १६ गते बिहान १०:०० बजे
८. आवश्यक कागजातः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वः प्रमाणित प्रतिलिपी, हस्तलिखित निवेदन)

**नोटः** शेयर सदस्यका परिवारलाई विशेष ग्राह्यता

**कालिका दुग्ध उत्पादक सहकारी संस्था लि.**
**हेटौंडा–१८, हर्नामाडी खड्कुले**
**सम्पर्कः अध्यक्ष ९८४५५९८७९१**

दिगो विकासका लागि एकता नेपाल
(USD Nepal)
हे.न.पा.-११, मकवानपुर

**कर्मचारी आवश्यकता**

*पहिलो पटक सूचना प्रकाशित मिति : २०८० पौष २९*

यस संस्थाले मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा संचालन गर्दै आएको **'शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम II'** का लागि तपशिलको पदमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट निवेदन आह्वान गरिन्छ ।

**१) स्वास्थ्य सुपरिवेक्षक (H.A.) (१ जना (महिला)**
**योग्यताः** हेल्थ असिस्टेण्ट उतिर्ण गरी नेपाल हेल्थ प्रोफेसनल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको ।
**उमेरः** २० वर्ष पुरा भइ ३५ वर्ष ननाघेको ।
**पारिश्रमिकः** संस्थाको नियमानुसार
**परीक्षाको किसिमः** अन्तरवार्ता
**निवेदन पेश गर्ने स्थानः** संस्थाको इमेल (usdnepal@ymail.com)
**निवेदन दिने अन्तिम मितिः** २०८० माघ १४ गते अपरान्ह ५:०० बजेसम्म
**नोटः** सर्टलिष्टमा परेका उमेदवारहरुलाई मात्र अन्तरवार्ताका लागि बोलाइनेछ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ